नेपाल सरकार
# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
चलानी नं.:-

## प्रेस विज्ञप्ति

मेलम्ची खानेपानी आयोजना अन्तर्गतको प्रथम चरणको कार्य सम्पन्न गरी २०७७ चैत्र देखि मेलम्ची नदीबाट पानी पथान्तरण गरी काठमाण्डौं उपत्यकामा खानेपानी आपूर्ति प्रारम्भ गरिएको थियो। पानी पथान्तरण गर्ने मुख्य सुरुङ्गको अन्तिम परिक्षणको लागि २०७८ असार १ गतेबाट सुरुङ्ग भित्र पानी प्रवाह बन्द गरी सुरुङ्ग खाली गरी परिक्षण गर्ने योजना अनुसार कार्य भइरहेको अवस्थामा सोहि दिन साँझ मेलम्ची नदिमा भिषण बाढी आई आयोजनाको हेडवर्क्स लगायतका संरचनामा ठूलो क्षति पुग्न गएको थियो। उक्त अप्रत्याशीत बाढीबाट धेरै जनधनको क्षति र नियमित पानी आपूर्ति अवरुद्ध हुन पुगेको सर्वविदितै छ। नेपाल सरकारले घोषणा गरेअनुसार २०७८ चैत्र मसान्त भित्र काठमाण्डौं उपत्यकामा पानी पुनः आपूर्ति गर्ने गरी मन्त्रिपरिषदबाट कार्ययोजना स्वीकृत गरी पुनर्स्थापनाका कार्यहरु प्रारम्भ गरिएको थियो। स्वीकृत कार्ययोजना अनुसारनै तोकिएकै समयमा मेलम्ची नदीको पानी पथान्तरण गरी काठमाण्डौं उपत्यकामा वितरण भैरहेको छ। यस वर्षको मनसुन भारतको केरलामा प्रवेश गरिसकेको र जल तथा मौसम विज्ञान विभागको प्रक्षेपण अनुसार अबको केही दिन भित्र नेपाल प्रवेश गर्ने अवस्था रहेको देखिन्छ। वर्षायाममा आउन सक्ने संभावित बाढी तथा पहिरोबाट ठूलो लगानीमा निर्माण सम्पन्न भएको मेलम्ची खानेपानी आयोजनाका संरचनाहरुलाई सुरक्षित गर्न आवश्यक भएकोले डाईभर्सन स्थलमा जडित पूर्व सचेतना प्रणाली (Early Warning System), मौसमविद एवम् विज्ञहरु समेतको सुझावको आधारमा कुनैपनि वेला आकस्मिक रुपमा मेलम्चीको पानी बन्द गर्न सकिने व्यहोरा जानकारी गराउँदछौं। यसबाट आम उपभोक्तामा पर्न जाने असुविधाप्रति नेपाल सरकार, खानेपानी मन्त्रालय क्षमा प्रार्थी छ।

मेलम्ची नदीबाट हाल दैनिक १७ करोड लिटर पानी वितरण हुंदै आएकोमा सो पानी बन्द भएपछि काठमाण्डौ उपत्यकावासीलाई खानेपानीको अभाव हुन नदिन वागमती नदीवाट दैनिक ४ करोड लिटर पानी आपूर्ति गरिदै आएकोमा थप करिव ६ करोड लिटर पानी बागमती नदीबाटै आपूर्तिको व्यवस्था गरिने र नपुग ७ करोड लिटर पानी स्थानीय सतह र भूमीगत श्रोतबाट गरी दैनिक जम्मा १७ करोड लिटर पानी वितरणको सुनिश्चितताको लागी मन्त्रालय प्रयासरत रहेको व्यहोरा सम्वन्धित सवैमा जानकारी गराउँदछौं।

वर्षायाम समाप्त हुने वित्तिकै पुनः पानी पथान्तरण गरी काठमाण्डौं उपत्यकामा पानी वितरण गरिने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं। साथै दीर्घकालीन रुपमा हेडवर्क्सको मर्मत गरी दिगो रुपमा पानी आपूर्ति गर्ने सम्बन्धमा हाल एशियाली विकास बैंकको सहयोगमा तयार भइरहेको अध्ययन प्रतिवेदनको आधारमा दीर्घकालीन मर्मतको कार्यहरु पनि वर्षायाम सकिने वित्तिकै कार्यान्वयन गरिने साथै काठमाण्डौ उपत्यकामा खानेपानीको समस्याको दिगो समाधानको लागि यांग्री, लार्के, सिस्नेरी, ठोस्ने खोला, महादेव खोला लगायतका सम्भाव्य सवै श्रोतहरुबाट पानी उपलव्ध गराउनका लागि कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिने छ।

अन्त्यमा क्षतिग्रस्त संरचनाहरुको अति आवश्यक मर्मत गरी पानी आपूर्ति गर्ने कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्ने मेलम्ची खानेपानी विकास समिति, मन्त्रालय अन्तर्गतका निकायहरु तथा राष्ट्र सेवक कर्मचारीहरु, परामर्शदाता एवं विज्ञहरु, निर्माण व्यवसायीहरु, सम्वन्धित स्थानीय तह, स्थानीयवासी, संचारकर्मी, संघ संस्था र सम्पूर्ण सरोकारवालाहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

मितिः- २०७९/०२/१७

..........................
ज्ञान प्रसाद ढकाल
(सहसचिव/प्रवक्ता)